# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३७) काठमाडौं, पुस ५ गते २०४४ साल (अतिरिक्ताङ्क ४३ (क)


## भाग ३

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरवारको सूचना

#### राज्य रजौटासम्बन्धी नियमावली, २०४४

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट मन्त्रिपरिषद्को परामर्श लिई राज्य रजौटा ऐन, २०१७ को दफा ३ को प्रयोजनको लागि देहायका नियमहरू बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

१.१ यी नियमहरूको नाम "राज्य रजौटासम्बन्धी नियमावली, २०४४" रहेको छ ।

१.२ यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. परिभाषा :

२.१. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा, –

२.१.१ "श्री ५" भन्नाले श्री ५ महाराजाधिराजलाई सम्बोधन भएको सम्झनुपर्दछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८२२

२.१.२ "समिति" भन्नाले नियम १० बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

३. उपाधि बक्सने :

३.१ श्री ५ बाट समय समयमा अन्यथा हुकुम बक्सेमा बाहेक मौसूफबाट उपयुक्त सम्झिबक्सेमा समितिको सिफारिशमा देहाय अनुसारको उपाधि प्रदान गरिबक्सनेछः–

| | | |
|---|---|---|
| ३.१.१ सल्यानी राजा | – | १ |
| ३.१.२ बझांगी राजा | – | १ |
| ३.१.३ जाजरकोटे राजा | – | १ |
| ३.१.४ मुस्तांगी राजा | – | १ |

४. योग्यता :

४.१ नियम ३ मा उल्लेखित उपाधिको लागि उम्मेदवार हुन सक्ने व्यक्ति देहाय अनुसारको योग्यता पुगेको हुनुपर्नेछः–

४.१.१ राज्य रजौटा ऐन, २०१७ को दफा ३ को उपदफा (१) बमोजिम उपाधि पाएकाको जीवनकालपछि निजहरूको पुरुष सन्तान दर सन्तानमा सामान्यतः जेष्ठानुक्रमले छोरा छोरामा जेठा जेठा भएको हुनुपर्नेछ ।

४.१.२ वंशजको नाताले नेपाली नागरिक हुनुपर्नेछ ।

४.१.३ हिन्दू धर्मावलम्बी हुनुपर्नेछ ।

४.१.४ २१ वर्ष उमेर पुगेको हुनुपर्नेछ ।

५. सुविधाहरू :

५.१ श्री ५ बाट तोकिबक्से बमोजिमको जीवन भत्ता सल्यानी राजा, बझांगी राजा, जाजरकोटे राजा र मुस्तांगी राजाले नेपाल अधिराज्यको संचित कोषबाट पाउनेछन् ।

५.२ सल्यानी राजा, बझांगी राजा, जाजरकोटे राजा र मुस्तांगी राजाले नेपाल अधिराज्यबाहिर भ्रमण गर्नुपर्दा कूटनैतिक राहदानी पाउनेछन् र त्यस्तो कूटनैतिक राहदानी श्रीमतीले समेत पाउनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. कर्तव्य :

६.१ श्री ५ बाट समय समयमा अन्यथा व्यवस्था गरिबक्सेमा बाहेक सल्यानी राजा, बझांगी राजा, जाजरकोटे राजा र मुस्तांगी राजाहरूले देहायबमोजिमको कर्तव्य पालन गर्नुपर्नेछः–

६.१.१ नेपालको संविधान तथा प्रचलित कानूनबमोजिम मातृभूमि, श्री ५ तथा मौसूफका उत्तराधिकारीहरूको मर्यादा र प्रतिष्ठाको पूर्ण सम्मान गरी बफादार रहनुपर्नेछ ।

६.१.२ आफ्नो उपाधिलाई माध्यम बनाई कुनै आर्थिक प्रलोभन वा मोलाहिजामा लाग्न र लगाउन हुनेछैन ।

६.१.३ राजपरिवार, राष्ट्र र नेपाली समाजलाई अहित हुने कुनै कुरा थाहा हुन आए वा देखिएमा श्री ५ का हजूरमा जाहेर गर्नुपर्नेछ ।

७. उपाधिबाट बञ्चित हुने र जीवन भत्ता बन्द हुने :

७.१ देहायका अवस्थामा नियम ३ मा उल्लेख भएका राजाहरूले यस नियमावली बमोजिम पाएको उपाधिबाट बञ्चित हुनेछ तथा जीवन भत्ता बन्द हुनेछः–

७.१.१ हिन्दू धर्ममा नरहेमा ।

७.१.२ कुनै विदेशी राष्ट्रको नागरिक भएमा ।

७.१.३ स्वीकृति बेगर कुनै विदेशी नागरिकसित विवाह गरेमा ।

७.१.४ खराब आचरण हुन गएको छ भन्ने कुरा श्री ५ मा लागेमा ।

७.१.५ राज्य रजौटा ऐन, २०१७ तथा यो नियमावलीको बिरूद्ध कुनै काम गरेमा ।

८. अन्य ओहदा ग्रहण गर्न पाउने : यस नियमावलीबमोजिम उपाधि प्राप्त गरेका कुनै राजा कुनै सरकारी वा गैरसरकारी ओहदामा रहेमा सो ओहदा छाड्नु पर्ने छैन र त्यस्तो ओहदामा नरहेकालाई ओहदामा प्रवेश गर्न पनि निषेध गरिने छैन । जीवन भत्ता र सरकारी वा गैरसरकारी ओहदामा रहे बापत पाउने पारिश्रमिकसमेत दुवै पाउनेछ ।

९. नामको साथ उपाधि पनि लेख्नु पर्ने : आफ्नो नाम लेख्दा पाएको उपाधि प्रष्ट खुल्ने गरी सल्यानी राजा (नाम), बझांगी राजा (नाम), जाजरकोटे राजा (नाम) र मुस्तांगी राजा (नाम) लेख्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

536

१०. समिति :

१०.१ श्री ५ का हजूरमा सल्यानी राजा, बझांगी राजा, जाजरकोटे राजा र मुस्तांगी राजाहरूको उपाधि बक्सनको लागि सिफारिश चढाउन देहायबमोजिमको समिति रहनेछः–

| | |
|---|---|
| राजदरवारसम्बन्धी मन्त्री | – अध्यक्ष |
| मुख्य साहेवज्यू | – सदस्य |
| प्रमुख राजदरवार पदाधिकारी | – सदस्य |
| श्री ५ को सरकारको मुख्य सचिव | – सदस्य |
| श्री ५ महाराजाधिराजका प्रमुख सचिव | – सदस्य-सचिव |

१०.२ श्री ५ बाट चाहिबक्सेमा राज्य रजौटा ऐन वा नियमावलीबमोजिमको विषय-हरूमा उपरोक्त समितिबाट राय लिन सकिबक्सनेछ ।

११. सूचना प्रकाशित गर्ने : श्री ५ बाट उपाधि प्रदान गरिबक्सेपछि नेपाल राजपत्रमा प्रकाशित हुने सूचना अनुसूची–१ बमोजिम हुनेछ ।

१२. लालमोहरको बेहोरा : श्री ५ बाट बक्सने लालमोहर अनुसूची–२ बमोजिम हुनेछ ।

१३. यो नियमबमोजिम हुने : अन्य लिखत तथा नियमहरूमा जेसुकै कुरा लेखिएको भए तापनि यस नियमावलीमा व्यवस्था भएका विषयहरूमा यसै नियमावली बमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–१

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
राजदरबारको
सूचना

श्री ५ महाराजाधिराजबाट . . . . . . . राजा . . . . . .
भई खाली हुन आएको सो . . . . . . . राजाको उपाधि . . . . . . . .
मितिदेखि नै धारण गर्न पाउने गरी निजका . . . . . . . . . . . . लाई
प्रदान गरिबक्सेको छ ।

हुकुम बक्से बमोजिम
. . . . . . . .
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–२

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐ रामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणवाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आगे . . . . . . . . . . . . . . . के यथोचित, उप्रान्त हामीबाट तिमीलाई . . . . . . . . . . राजाको उपाधि पाउन सुयोग्य ठह्र्याई कदर गरिबक्सी सोसम्बन्धी मानमर्यादा . . . . . . . . . मितिदेखि प्रदान गरिबक्सेका छौं ।

श्री परमेश्वरका अनुग्रहले चिरकाल पर्यन्त शान्ति तथा आनन्दपूर्वक प्रचलित नेपालको संविधान तथा ऐन कानूनबमोजिम हाम्रो र हाम्रा उत्तराधिकारीहरूको निमकको सोझो गरी मातृभूमिको भलो चिताई यो मानको इज्जत कायम राखी उपयोग गर्न मिलोस् । इति सम्वत् . . . . . . . . साल . . . . गते रोज . . . . शुभम् ।

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।